सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश जनस्वास्थ्य प्रयोगशाला
धनगढी, कैलाली

provincelaboratory07@gmail.con
०९१-५९०६८४
www.pphl.sudurpashchim.gov.np
facebook.com/PPHL7/

पत्र सं. :- २०८२।८३
चलानी नं. :-

मिति:२०८२।०४।२८

## इजाजत पत्र लिने/नविकरण गर्ने सम्बन्धि सूचना

जनस्वास्थ्य सेवा नियमावली २०७७ को नियम १२(१) बमोजिम "कसैले पनि इजाजत पत्र नलिई निजी, गैर-सरकारी, सहकारी वा गैर-नाफामूलक सामुदायिक स्वास्थ्य संस्था संचालन गर्न वा त्यस्तो संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउनु हुदैन" भन्ने कानूनी व्यवस्था रहेको छ। सोही नियमावलीको नियम १२(२) अनुसार अनुसूची-९(२) को (ङ) मा "सी" वर्गको प्रयोगशाला उल्लेख भई सो को इजाजत पत्र र नविकरण प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायबाट लिनुपर्ने/गराउनु पर्ने व्यवस्था रहेको छ। सुदूरपश्चिम प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७७।०९।१३ गतेको निर्णय अनुसार "सी" वर्गको प्रयोगशालाको इजाजत पत्र तथा नविकरणको जिम्मेवारी यस प्रयोगशालालाई दिईएको छ।

सोही सम्बन्धमा, यस सुदूरपश्चिम प्रदेश भित्रका "सी" वर्गको प्रयोगशालाहरू/स्वास्थ्य संस्थामा आधारित प्रयोगशालाहरूको इजाजत पत्र लिने/नविकरण गर्ने कार्यका लागि यो पन्ध्र दिने (मिति २०८२।०५।१२ गते सम्म) सूचना जारी गरिएको छ। स्वास्थ्य संस्था संचालन मापदण्ड,२०७७ र स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७० बमोजिम योग्यता पुगेका "सी" वर्गको प्रयोगशालाहरू/स्वास्थ्य संस्थामा आधारित प्रयोगशालाहरूले तोकिएको ढाँचामा यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

नोट:

१. इजाजत पत्र नलिई/नविकरण नगराई संचालनमा रहेका प्रयोगशालाहरू/स्वास्थ्य संस्थामा आधारित प्रयोगशालाहरूलाई प्रचलित नियमानुसार कारबाही गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

२. स्वास्थ्य संस्था संचालन मापदण्ड,२०७७ को परिच्छेद-८ को बुदाँ ४० बमोजिम "सी" वर्गको प्रयोगशालाहरू देहाय अनुसार हुने छन्:
   - जनरल अस्पताल (२५-५० शैया),
   - जनरल अस्पताल (१००-२०० शैया),
   - विशेषज्ञ कम्तिमा १०० शैया,
   - विशिष्टिकृत कम्तिमा ५० शैया, अन्तर्गतका प्रयोगशालाहरू
   - पोलिक्लिकमा आधारित प्रयोगशाला,
   - वैदेशिक रोजगारमा आधारित प्रयोगशाला र
   - "सी" वर्गको मापदण्ड पुग्ने अन्य प्रयोगशालाहरू।

३. थप सहजिकरणका लागि सूचना अधिकारी श्री झरेन्द्र बहादुर सिंह (मो.नम्बर ९८५८४८३०७७) लाई सम्पर्क गर्न हुन।

गुणस्तर नियन्त्रण तथा
तालिम शाखा